# महिनावारी र मेरो ज्ञान

## सचित्र सरल पुस्तिका

### खण्ड ख



DOWN SYNDROME SOCIETY, NEPAL
"An Inclusive, Equitable and Non-Discrimination Society for People with Down Syndrome"
डाउन सिण्ड्रोम समाज, नेपाल

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# पहिलो महिनावारी

# डाउन सिण्ड्रोम समाज, नेपाल

नेपालमा असंख्य बालबालिकाहरु जन्मेदेखि नै डाउन सिण्ड्रोम तथा बौद्धिक अपागंता अवस्थाबाट भइरहेका छन् । कतिपय अभिभावकमा डाउन सिण्ड्रोम अवस्थाको बारेमा कुनै ज्ञान नै छैन । अभिभावक समाजले यसलाई पुर्वजन्मको पापको प्रतिफल वा देवी देवताको श्रापभन्ने ठान्दछन् । तर डाउन सिण्ड्रोम अवस्था भयका आफ्ना बालबालिकाहरुको उचित स्याहार, सुसार गर्दैनन् । यस अवस्थाका व्यक्तिहरुको जन्म हुनुमा शरिरमा रहने क्रोमोजोममा गडबडी हुनुको कारणले डाउन सिण्ड्रोम अवस्था हुन जान्छ । यो आफैमा कुनै रोग होईन । डाउन सिण्ड्रोम भएका बालबालिकाहरु भित्रपनि अनेकौ क्षमता र प्रतिभाहरु सुसुप्त अवस्थामा रहेका हुन्छन् । उचित शिक्षा दीक्षा र उपयुक्त अवसर पाएको खण्डमा उनीहरुले पनि आफुमा अन्तरनिहीत क्षमता र प्रतिभालाई बाहिर ल्याउन सक्छन् र जिन्दगीलाई सहजताकासाथ अगाडि बढाउन सक्दछन् । त्यस कारण उनिहरुकालागि संस्थागत रुपमा मात्र केहीगर्न सकिन्छ भन्ने महसुस गरि नेपाल डाउन सिण्ड्रोम समाजको २०६८ सालमा स्थापना गरिएको हो ।


कक्षा

एकदिन मलाई स्कुलबाट घर जाँदा एकदम पेट दुख्यो ।

म बल्ल बल्ल घर पुगे ।



माघ ०७७
FEB/MAR 21

घर पुगेपछि आमालाई मैले पेट
दुखेको कुरा भनें ।

आमाले मलाई ओछ्यानमा राखेर
खाजा ल्याईदिन्छु भन्नुभयो ।

मेरो पेट दुखीनै रहेको थियो ।



म बसेपछी ओछ्यानमा रगत लागेको थियो । आमाले मलाई भन्नु भएको कुरा सँम्झिएं ।

आमालाई बोलाएर ओछ्यानमा लागेको रगत देखाएं मेरो बुबाले पनि त्यो हेरीरहनु भएको थियो ।


पायड
पायड

आमाले बुबालाई दराजमा राखेको
थैलो झिक्न भन्नु भयो ।

आमाले थैलोबाट कट्टु र कपडाको
प्याड निकाल्नु भयो ।

त्यो थैलोमा तयार गरेर राखेको
महिनावारीमा प्रयोग गर्ने सामा(
नहरू थियो ।

कोठामा अन्य आवश्यक पर्ने
हटवाटर व्याग र तातो पानी राख्न
थर्मश पनि राखिएको थियो ।



आमाले मेरो कट्टुमा प्याड राखेर लगाई दिनु भयो ।

यो लगाएको प्याड चार घण्टा पछि फेर्नु पर्छ भन्नु भयो ।

आमाले प्याड लगाए पछि रगत ओछ्यानमा र आफूले लगाएको कपडामा लाग्दैन भन्नु भयो ।


FEB/MAR

राति सुत्ने बेला फेरी मेरो पेट दुख्न थाल्यो ।

मैले आमालाई यो भन्दा आमा मसँगै बस्न आउनु भयो ।

बुवालाई भान्छाबाट तातो पानी ल्याउन भन्नु भयो ।

आमाले हटवाटर ब्यागमा तातो पानी हालेर मेरो पेटमा राखी दिनु भयो ।

आमाले मलाई महिनावारी भनेको के हो भनेर किताबमा लेखेको कुराहरू बुझाउनु भयो ।

# हामी पनि सक्षम बन्न सक्छौं नि





सानो टाउको र गोलो अनुहार



सानो कान



आँखाको कुनाको छाला दोब्रिएको



नाक नेप्टो तथा डाँडी नभएको जस्तो नाक



जिब्रो मोटो र बाहिर निकाली राख्ने



हात र खुट्टाको औंलाहरू मोटो तथा छोटो



खुट्टाको बुढी औंला फाटिएको

Phone: 977-1 4021703 / 4021761 Email: dssnepal2010@gmail.com Website: www.dssn.org.np